# प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १) जनकपुरधाम, असार १७ गते, २०७५ साल (अतिरिक्ताङ्क ६(क)


## भाग १

### प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

## मुख्यमन्त्री र मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सम्वत् २०७५ सालको ऐन नं. ४

**प्रस्तावना:** प्रदेश नं. दुईको मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७१ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. दुईको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "मुख्यमन्त्री र मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका बमोजिम तोकिएको सम्झनु पर्दछ ।

(ख) "प्रदेश" भन्नाले प्रदेश नं. दुईलाई सम्झनु पर्दछ ।

(ग) "मन्त्री" भन्नाले प्रदेश नं. दुईको मन्त्री, राज्य मन्त्री वा सहायक मन्त्री समेत सम्झनु पर्दछ ।

(घ) "मुख्यमन्त्री" भन्नाले प्रदेश नं. दुईको मुख्यमन्त्री सम्झनु पर्दछ ।

(ङ) "सरकार" भन्नाले प्रदेश नं. दुईको सरकारलाई सम्झनु पर्छ ।

३. **पारिश्रमिक:**(१) मुख्यमन्त्री र मन्त्रीहरुलाई अनुसूची -१ बमोजिमको पारिश्रमिक दिइनेछ ।

(२) मुख्यमन्त्री र मन्त्री कुनै कारणले सो पदमा नरहेमा निजलाई १५ दिनको पारिश्रमिक बराबरको रकम थप सुविधाको रुपमा दिइने छ ।

४. **आवास सुविधा:**(१) मुख्यमन्त्रीलाई आवासको लागि प्रदेश सरकारले सरकारी घरको बन्दोबस्त गर्ने छ ।

(२) मन्त्रीलाई आवासको लागि प्रदेश सरकारले सरकारी घरको बन्दोबस्त गर्ने छ ।





(३) उपदफा (२) बमोजिम सरकारी घरको बन्दोबस्त नभएको र प्रदेशको राजधानीमा आफ्नो उपयुक्त घर नभएको मन्त्रीलाई अनुसूची-१ बमोजिमको रकम आवास सुविधा बापत दिइनेछ ।

(४) उपदफा (१) र (२) बमोजिमको आवासको लागि आवश्यक पर्ने फर्निचरको व्यवस्था प्रदेश सरकारले गर्नेछ ।

(५) उपदफा (३) बमोजिमको आवासको लागि फर्निचरको व्यवस्था प्रदेश सरकारको निर्णय अनुसार हुनेछ ।

(६) उपदफा (१)र(२) बमोजिम बन्दोबस्त भएको घरको कम्पाउण्डको मर्मत र सम्भार खर्च प्रदेश सरकारले व्यहोर्नेछ ।

(७) उपदफा (३) बमोजिमको आवासको मर्मत र सम्भार खर्च बापत प्रदेश सरकारले तोके बमोजिमको रकम दिइनेछ ।

(८) यस दफा बमोजिमको आवास सुविधा मुख्यमन्त्री र मन्त्रीले आफ्नो कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म पाउने छन् ।

५. **सवारी तथा इन्धन सुविधा:** (१) मुख्यमन्त्रीलाई सवारीको लागि चालक सहित मोटर थान दुई तथा मन्त्रीलाई सवारीको लागि चालक सहितको मोटर थान एक र अनुसुची -१ बमोजिमको इन्धन र मोबिल उपलब्ध गराइने छ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको मोटर प्रयोग नगरी आफ्नो निजी मोटर प्रयोग गर्ने मुख्यमन्त्री र मन्त्रीलाई नेपाल सरकारको हलुका सवारी चालकको तलबमानको सुरु अंक बराबरको रकम र उपदफा (१) बमोजिमको इन्धन र मोबिल उपलब्ध गराउने छ ।

संख्यामा कर्मचारीहरु रहने गरी निजी सचिवालयको व्यवस्था हुनेछ।

(२) मुख्यमन्त्री र मन्त्रीलाई निजको कार्यकालमा निजी सचिवालयको लागि आवश्यक पर्ने फर्निचर र कार्यालय सामानको व्यवस्था प्रदेश सरकारले गर्नेछ।

(३) उपदफा (२) बमोजिमका फर्निचर तथा स्थायी जिन्सी सामानहरु मुख्यमन्त्री र मन्त्रीले आफ्नो कार्यकाल समाप्त भएको सात दिनभित्र फिर्ता बुझाउनु पर्ने छ।

१२. <u>अतिथि सत्कार खर्च</u>: (१) मुख्यमन्त्री र मन्त्रीको निजी सचिवालयको लागि अतिथि सत्कार बापत अनुसूची-१ बमोजिमको रकम दिइनेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त अतिथि सत्कार खर्चको बिल भौचर बुझाउनु पर्ने छैन।

१३. <u>अङ्ग रक्षक र गार्डको सुविधा</u>: मुख्यमन्त्री र मन्त्रीलाई आवश्यक पर्ने अङ्गरक्षक र गार्डको सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

१४. <u>शपथ</u>: मुख्यमन्त्री र मन्त्रीले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची -३ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।

१५. <u>सुविधा लागु हुने</u>: मुख्यमन्त्री तथा मन्त्रीले यस ऐन बमोजिम पाउने सुविधा शपथ ग्रहण गरेको मिति देखि पाउनेछन्।

१६. <u>अनुसूचीमा हेरफेर</u>: प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गर्न सक्ने छ।





## अनुसूची -१

(दफा ३ को उपदफा (१), दफा ४ को उपदफा (३) र (५), दफा ५ को उपदफा (१) दफा ६ को उपदफा (२), दफा ८ र दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

### मुख्यमन्त्री तथा मन्त्रीको सुविधा

| क. सं. | सुविधाको प्रकार | इकाई दर | मुख्यमन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|---|
| १. | पारिश्रमिक | मासिक रुपैयाँ | ६०,९७०। | ५७,७८०। | ५६,४९०। | ५३,०००। |
| २. | आवास सुविधा | प्रति महिना रुपैयाँ | - | - | आवासको व्यवस्था नहुँदा सम्म रु १८,०००। | १६,०००। |
| ३. | फर्निचर (सरकारी घरको बन्दोबस्त नभएमा) | एकमुष्ठ रु | - | - | - | - |
| ४. | सवारी | मोटर (वटा) | २ | १ | १ | १ |
| ५. | सवारी इन्धन | लिटर (मासिक) | ३०० | २५० | २२५ | २०० |
| ६. | मोविल | प्रति मोटर लिटर (त्रैमासिक) | १० | १० | १० | १० |
| ७. | सञ्चार सुविधा | प्रति महिना रुपैयाँ | ३,५००। | ३,४००। | ३,३००। | ३,२००। |
| ८. | धारा, विजुली | प्रति महिना रुपैयाँ | बिल अनुसार | बिल अनुसार | २,५००। | २,५००। |
| ९. | दैनिक तथा भ्रमण भत्ता (स्वदेश) | प्रति दिन रुपैयाँ | ३,०००। | २,५००। | २,५००। | २,५००। |
| १०. | दैनिक तथा भ्रमण भत्ता (विदेश) | प्रति दिन अमेरिकी डलर | २२५। | २२५। | २२५। | २२५। |
| ११. | अतिथी सत्कार | प्रति महिना रुपैयाँ | २०,०००। | १५,०००। | १०,०००। | १०,०००। |

द्रष्टव्य: मुख्यमन्त्री र मन्त्रीले विदेश भ्रमण गर्दा पाउने दैनिक तथा भ्रमण भत्ता प्रयोजनको लागि :

१. युरोपियन मुलुकहरु, अष्ट्रेलिया, न्युजिल्याण्ड, अमेरिका, क्यानाडा, कुवेत, कोरिया, जापान, हङ्कङ्ग, रुस, कतार, जाम्बिया, यू. ए. ई., सिंगापुर, लेवनान, बहराइनको भ्रमण गर्दा माथि उल्लिखित दरमा तेत्तीस प्रतिशत थप रकम दिइने छ ।

२. भारतको चेन्नइ, हैदरावाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता, बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात विताउनु पर्दा माथि उल्लिखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ ।

३. भ्रमणबाट फर्केको दिनको दैनिक पाउने भत्ता रकमको २५ प्रतिशत रकम मात्र दिइने छ ।





## अनुसूची – २

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

### मुख्यमन्त्री र मन्त्रीको निजी सचिवालयमा रहने कर्मचारी

| क्र.सं. | सचिवालयमा रहने कर्मचारीको विवरण | इकाई | मुख्यमन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|---|
| १. | स्वकीय सचिव (रा.प. प्रथम श्रेणी वा सो सरह) | जना | १ | | | |
| २. | स्वकीय अधिकृत (रा.प. द्वितीय श्रेणी वा सो सरह) | जना | १ | १ | १ | १ |
| ३. | स्वकीय अधिकृत (रा.प. तृतिय श्रेणी वा सो सरह) | जना | २ | १ | | |
| ४. | कम्पयुटर अपरेटर | जना | १ | १ | | |
| ५ | प्रशासन सहायक रा.प.अनं प्रथम श्रेणी वा सो सरह) | जना | १ | १ | १ | |
| ६. | कार्यालय सहयोगी (प्रथम स्तर) | जना | २ | १ | १ | १ |
| ७. | सवारी चालक | जना | ३ | २ | १ | १ |
| ८. | कुक | जना | १ | १ | १ | १ |
| ९. | स्वीपर | जना | १ | १ | | |
| १०. | माली | जना | १ | | | |

## अनुसूची (३)

(दफा १४ सँग सम्बन्धित)

### शपथ

म.... .... ... मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधान प्रति पूर्ण बफादार रही प्रदेश नं..... को.............. पदको कामकाज प्रचलित कानूनको अधीनमा रही कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको प्रचलित कानून बमोजिम गोप्य राख्नु पर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

मिति :

नाम :

दस्तखत:

**प्रमाणीकरण मिति : २०७५।०३।१७**

आज्ञाले,
**जगदीश रेग्मी**
सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०/-
गो.हु.द.नं. १६।२०६२।६३